"ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध समाजवाद उन्मुख नमुना गाउँपालिका"

# भिमसेनथापा गाउँपालिका
# BHIMSENTHAPA RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

खान्चोक, गोरखा
Khanchowk, Gorkha

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या (Reference No) :- २०८२।८२

चलानी नं. (Dispatch No) :-

मिति (Date): २०८२/०७/१७

वैदेशिक रोजगार सन्तति छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारेको सूचना !!

सूचना प्रकाशन मितिः २०८२/०७/१७ गते

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको वैदेशिक रोजगार बोर्डको सचिवालयको कल्याणकारी कोषबाट शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका बालबालिकालाई वैदेशिक रोजगार बोर्ड मार्फत प्रदान गरिने वैदेशिक रोजगार सन्तति छात्रवृत्तिका लागि आवेदन खुल्ला भएकाले, **वैदेशिक रोजगार सन्तती छात्रवृत्ति संचालन कार्यविधि, २०८०** को अनुसूची-१ को ढाँचामा योग्य विद्यार्थी अभिभावकलाई आवश्यक कागजात सहित अध्ययनरत बिद्यालयमा कार्तिक मसान्त भित्र निवेदन दिनुहुन सुचित गरिन्छ ।

नोटः निवेदन प्राप्त गरेका बिद्यालयले २०८२ मङ्सिर ७ गते भित्र **वैदेशिक रोजगार सन्तती छात्रवृत्ति संचालन कार्यविधि, २०८०** को अनुसूची-२ बमोजिमको ढाँचामा भिमसेनथापा गाउँपालिकाको रोजगार सेवा केन्द्रमा संकलित निवेदन सिफारिस सहित पठाउनु हुन सुचित गरिन्छ ।

**आवेदनका लागि आवश्यक पर्ने मुख्य कागजातहरुः**

१. छात्रवृत्ति सिफारिस फारम (वैदेशिक रोजगार सन्तती छात्रवृत्ति संचालन कार्यविधि २०८० को अनुसूची १)
२. कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात
३. अध्ययन गरिरहेको विद्यालयको सिफारिस पत्र (अनुसूची २)
४. विद्यार्थी वा संरक्षकको चालु बैंक खाता खुल्ने कागजात (चेकबुकको प्रतिलिपि)

**पहिलो पटक आवेदन दिनेको हकमा थप कागजातहरु :**

५. जन्मदर्ताको प्रतिलिपि
६. अभिभावकको नागरिकताको प्रतिलिपि
७. कामदार, अभिभावक र विद्यार्थीको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि

२०८२/०७/१७

चित्र बहादुर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

चित्र बहादुर अधिकारी
प्रमुख प्रशासकिय अधिकृत



CamScanner

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा**

मिति : ..................

श्री प्रधानाध्यापकज्यू

..........................

**विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ...................... ......................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................ मा ......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

<u>संलग्न कागजातहरू</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्बर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नम्बर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)

**विद्यालयको सिफारिसको ढांचा**

मिति : ...............

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
....................पालिका ,............।

**विषय : सिफारिस सम्वन्धमा।**

उपरोक्त सम्वन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग विरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरुलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

<u>संलग्न कागजात</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,

(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर विरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

सचिव